# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, मंसिर २३ गते २०५९ साल (संख्या ३४

## भाग ३

### श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको सूचना

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) को प्रयोजनको लागि सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले सम्पत्तिको विवरण पेश गर्ने निकाय एवं ढाँचा खण्ड ५२, संख्या १९ मिति २०५९।५।३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित भए अनुसारको निकाय र ढाँचालाई नै अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (१) को प्रयोजनको लागि सार्वजनिक पद धारण गरेका व्यक्तिले सम्पत्ति विवरण पेश गर्ने निकाय र ढाँचा तोकिएको सूचना खण्ड ५२, संख्या २१, मिति २०५९।५।१७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) को प्रयोजनको लागि पेश भइसकेको सम्पत्ति विवरणलाई नै अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (१) को प्रयोजनको लागि पनि मान्यता दिने श्री ५ को सरकारले मिति २०५९।८।३ मा निर्णय गरेकोले जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले
पूर्णप्रसाद मानन्धर
श्री ५ का सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी दक्षिण कोरियाको बुसानमा सन् २००० को सेप्टेम्बर-अक्टोबरमा आयोजना भएको चौधौं एशियाली खेलकूदमा सहभागी हुने खेलाडीहरूको लागि MESUCA China Company ले सहयोग स्वरूप उपलब्ध गराउने अमेरिकी डलर २,५७५.०० मूल्य बराबरको पोशाक एवं ब्यागहरूमा लाग्ने भन्सार महसुल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी बी. पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरमा काम गर्न आएका चीनियाँ मेडिकल टीमको प्रयोजनको लागि Nissan Trading Co. Japan बाट आयात गरिएको जापानी येन ४६,३६,०००.०० मूल्य बराबरको १ थान Nissan Civilian-26 Seater Middle Roof Bus With Cooler मा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी व्यापार प्रवर्द्धन केन्द्रले निर्यात प्रवर्द्धन समितिको सहयोगमा बंगलादेशको ढाकामा २०५९ साल असोज १२ देखि १६ गते सम्म सञ्चालन गर्ने एक देशीय व्यापार मेलामा विभिन्न फर्म तथा कम्पनीहरूलाई प्रति फर्म तथा कम्पनीले निकासी गर्ने सामानमा अमेरिकी डलर २,०००.०० मा नबढ्ने गरी निकासी शुल्क छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी मेची आँखा अस्पतालद्वारा बिर्तामोडमा सञ्चालित मेची आँखा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।